# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, कार्त्तिक १९ गते २०६४ साल (अतिरिक्ताङ्क ४० (ज


## भाग ३

### नेपाल सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

**लोक सेवा आयोग (कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०६४**

लोक सेवा आयोग (कार्यविधि) नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लोक सेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "लोक सेवा आयोग (कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०६४" रहेको छ।

(२) यो नियमावली २०६४ साल भदौ १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. लोक सेवा आयोग (कार्यविधि) नियमावली, २०५० को नियम ५क. मा संशोधन: लोक सेवा आयोग (कार्यविधि) नियमावली, २०५० को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम ५क. को उपनियम (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रारम्भिक परीक्षा लिन तोकेका पदमध्ये कुनै खास प्रतिस्पर्धाका लागि छुट्याइएको पदहरूमा प्रारम्भिक परीक्षा आवश्यक नपर्ने गरी आयोगले छूट गर्न सक्नेछ।"

आज्ञाले,
डा. गोविन्दप्रसाद कुसुम
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।